कीर्तिपुरको चित्रण

काठमाडौं जि. प्र. का दर्ता नं.२११-२०६७/०६८

कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ७ अंक १५ (संयुक्तांक ३१९) ने.सं. ११३८ कछलाथ्व द्वादशी बुधवा: २०७४ कार्तिक १५ गते बुधवार (Nov 01, 2017) मूल्य रु.१०/- पृष्ठ १६



IIMS COLLEGE Announces ADMISSION OPEN

Your Gateway to Rewarding Career

BBA* BUSINESS ADMINISTRATION

BHM HOSPITALITY MANAGEMENT

BIT COMPUTING

WORLD CLASS INFRASTRUCTURE















Degree from Top Ranked University

World Class Infrastructure

Only college with trimester system in under-graduate program

Curriculum beyond theoretical knowledge

Credit transfer and student exchange program

Centrally located at the heart of Kathmandu

Skilled and experienced faculty members

Best updated syllabus and firm schedule

Practical Based Learning

Training and Personal Development

LOCATION MAP



Dhobidhara, Putalisadak, (Near Kumari QFX), Kathmandu, Nepal

☎ : 4434833, 4437318

कीर्तिपुरको चित्रण

काठमाडौं जि. प्र. का दर्ता नं.२१९-२०६७/०६८

कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ७ अंक १५ (संयुक्तांक ३१९) ने.सं. ११३८ कछलाथ्व द्वादशी बुधवा: २०७४ कार्तिक १५ गते बुधवार (Nov 01, 2017) मूल्य रु.१०/- पृष्ठ १६

१० नम्बरमा रामबहादुर थापा बादल भर्सेस् राजन केसी

एमालेका स्थानीय नेताहरुलाई अप्ठ्यारो माओवादीकै स्थानीय नेता कार्यकर्ताहरुको अनुरोधमा हेबि वेटको उम्मेदवार आएको दावी





कीर्तिपुर सन्देश साप्ताहिक

आउँदो मंसीर २१ गते हुने दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको तयारीको क्रममा काठमाण्डौं निर्वाचन क्षेत्र नं. १० (कीर्तिपुर क्षेत्र)का उम्मेदवार हुनेहरुको व्यापक चर्चा हुन थालेको छ ।

दोस्रो संविधानसभाको चुनावमा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई कीर्तिपुरकै स्थानीयवासी राजन केसीले पराजित गरेपछि चर्चामा आएका केसी यसपालि पनि १० नम्बर क्षेत्रवाट उम्मेदवार बन्ने पक्का भएको छ। हाल युवा तथा खेलकुद मन्त्री हुनु भएका राजन केसी भर्सेस वाम गठबन्धनको उम्मेदवारको रुपमा माओवादीका हेबि वेटका नेता रामबहादुर थापा बादल उभिने भएको छ । बाम गठबन्धनको क्रममा १० नम्बर क्षेत्र माओवादीको भागमा परेको र माओवादीको तर्फवाट स्थानीय नेता शम्भुराम महर्जनलाई उम्मेदवार दिनका लागि सिफारिस गरिएको भएतापनि स्थानीय नेता कार्यकर्ताहरुले नै चुनाव जित्नका लागि हेवी वेटको उम्मेदवार आवश्यक भएको बताएपछि पार्टीले बरिष्ठ नेता राम बहादुर थापा बादललाई उम्मेदवार बनाउन लागेको थाहा भएको छ । रामबहादुर थापा बादल पार्टी भित्र इमान्दार नेताको रुपमा परिचित भएतापनि स्थानीय नेता नभएका कारण चुनावमा भने विगतमा जस्तै स्थानीय नेता र बाहिरी नेताको रुपमा १० नम्बर क्षेत्रका जनताले अभियान संचालन गर्ने संभावना पनि रहेको छ ।

उता स्थानीय तहको निर्वाचनमा कीर्तिपुर नगरपालिकामा बहुमत आएको र आफूहरुको बलियो संभावना रहेको अवस्थामा पनि पार्टीले बाम गठबन्धनको नाममा माओवादी केन्द्रलाई १० नम्बर क्षेत्र दिएका कारण एमालेका स्थानीय नेता कार्यकर्ताहरु आक्रोशित भएका छन् । दिन दिनै अव के गर्ने भन्ने विषयमा एमालेका नेता कार्यकर्ताहरु बैठक बस्ने गर्दै आएका छन् । प्रतिनिधिसभामा माओवादी केन्द्रलाई उम्मेदवारी दिएतापनि प्रदेशसभामा भने एमालेलाई उम्मेदवारी दिनुपर्ने एमालेका स्थानीय नेताहरुको माग रहेको छ। माओवादी केन्द्रले बरिष्ठ नेता रामबहादुर थापा बादललाई उम्मेदवारी दिने अवस्थामा पार्टीको माथिल्लो निकायवाट नै बादललाई जिताउनका लागि भूमिका निर्वाह गर्न दबाव आउने संभावन बढेपछि एमालेका स्थानीय नेता कार्यकर्ताहरु अप्ठ्यारोमा परेका छन् ।

प्रतिनिधिसभाको चुनावमा राजन केसी स्थानीयवासी भएका कारण कीर्तिपुरवासी साथै १० नम्बर क्षेत्रका जनताले केसीलाई जिताउछन् भनी कांग्रेसका स्थानीय नेता कार्यकर्ताहरुले दावी गरेका छन् ।

उता माओवादी केन्द्रले पनि एमालेको पनि साझा उम्मेदवार भएका कारण रामबहादुर थापा बादल जित्ने संभावना रहेको दावी गर्न थालेका छन् । जे भएतापनि यसपालिको प्रतिनिधिसभाको चुनावमा एमाले माओवादी केन्द्रका साझा उम्मेदवार रामबहादुर थापा वादल भर्सेस् नेपाली कांग्रेसका स्थानीय नेता राजेन्द्र कुमार केसीवीच कडा प्रतिष्प्रर्धा हुने अवस्था छ ।

"न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा S.S. College को प्रतिबद्धता"

Admission Open

800 + Students

English & Nepali Medium

4 Years BBS

3 Years BA/BSW

BBA & BCA (Proposed)

+2 Management Humanities Education

Various Scholarships Offer

SUCCESS GROWTH CAREER @

SHAHID SMARAK COLLEGE

Kirtipur, Kathmandu

(ESTD. 2047)

"COMMUNITY FOR YOU, YOU FOR COMMUNITY"

Email : sscollege.kirtipur@gmail.com, Facebook : ssc.kirtipur

For Detail:

01-4330279

01-4333937

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
सह सम्पादकक
नजरराम महर्जन

प्रवन्धक
निरजमान सिंह
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: **ट्वीन प्रेस, कीर्तिपुर, काठमाण्डौं**
कार्यालय: **निखासी टोल: कीर्तिपुर नपा-३**
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

एमाले र माओवादी केन्द्रको गठबन्धनको सवाल

एमाले र माओवादी केन्द्रवीच पार्टी एकता गर्ने घोषणा संगसंगै बनेको चुनावी गठबन्धनलाई वाम गठबन्धन भनी परिभाषा गर्दै आएका छन् । प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनका लागि एमाले र माओादी केन्द्रका नेताहरु एकै स्थानमा पुगेका हुन । अहिले वाम गठबन्धन बनेपछि मुलुकमा राजनीतिक गघटनाक्रम नयाँ नयाँ ढंगवाट विकास हुदै गएको छ। विशेष गरि राजनीतिक पार्टीहरुवीच ध्रुविकरण, एकतादेखि पार्टी परिवर्तन साथै चुनावी तालमेलमा ब्यापक तिब्रता आएको अवस्था छ ।

विगतमा एमाले र माओवादीकेन्द्र वीच पानी बाराबर को अवस्था रहेका कारण अहिले केन्द्रीय स्तरमा तालमेल गरेतापनि स्थानीय स्तरमा भने माओवादी केन्द्र र एमालेका नेता कार्यकर्ताहरुवीच खासै राम्रो सम्वन्ध बनाउन सकिएको अवस्था छैन । यस्तै अवस्था रहेमा एमाले र माओवादी केन्द्रवीच एक अर्कालाई अन्तर्घात गर्ने अवस्था पनि आउने संभावना नभएको हैन । यदि नेताहरुले कार्यकर्ताहरुलाई मिलाउन सकिएन भने वाम गठबनधनले जस्तो नतिजा आउछ भनी सोचिएको हो त्यसको विपरित पनि आउन सक्ने संभावना रहेको छ ।

वाम गठबन्धनको नाममा एमाले र माओवादी केन्द्रवीच जसरी चुनावी तालमेल गरेको छ यसमा इमान्दारीता पुर्वक पालना भए मात्र भोलीका दिनमा पार्टी एकताको लागि वातावरण बन्ने अवस्था छ । चुनावमा एक पार्टीले अर्को पार्टीका उम्मेदवारलाई अस्वीकार गर्ने अवस्था आए पार्टी एकतामा समेत प्रभाव पर्ने कुरामा कसैको पनि दुई मत छैन होला ।

सडक दुर्घटनाबाट जोगिन ट्राफिक नियम पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना विभाग

प्रोलिन्नोभासँग मेरो आवद्धता



जेनिशा नापित
प्राकृतिक विज्ञान संग्रहालय, स्वयम्भू, काठमाडौं

म कीर्तिपुरको रैथाने वासिन्दा हुँ । विज्ञान विषय पढ्ने आफ्नो वंशको पहिलो सदस्य बन्न पुगें। माइक्रोबायोलोजीमा चारवर्षे स्नातक तह पूरा गरेपछि मैले यही क्षेत्रबाट राष्ट्रको सेवा गर्ने अवसर पाएँ। विगत एक वर्षयता म काठमाडौंको स्वयम्भूस्थित प्राकृतिक विज्ञान संग्रहालयमा स्थायी ल्याब असिष्टेन्ट पदमा कार्यरत छु ।

प्राकृतिक विज्ञान संग्रहालय

प्राकृतिक विज्ञान संग्रहालय मभन्दा निकै पहिले जन्मिएको हो। यसको स्थापना वि. सं. २०३२ साल साउन २ गते भएको थियो। यो संग्रहालय नेपालका प्राकृतिक सम्पदाहरुको संरक्षण र चिनारीमा क्रियाशील छ।

यसले देशभरका प्राकृतिक सम्पदाहरुको अध्ययनअनुसन्धान गरी त्यसबाट प्राप्त नतिजाको अभिलेख राख्ने काम गर्छ । त्यसक्रममा प्राप्त भएका र अन्य विभिन्न स्रोतबाट आएका जीव, वनस्पति, खनिज र जीवावशेषका गरी ५५ हजारभन्दा बढी नमुनाहरु संग्रहालयमा सुरक्षित छन्। तिनको सही तरिकाले संरक्षण गर्दै आम मानिसलाई अध्ययन तथा अवलोकनको अवसर दिनु संग्रहालयको मुख्य उद्देश्य हो।

त्यसबाहेक नेपालको जैविक विविधताको महत्वबारे आम सर्वसाधारणलाई सूचना प्रदान गर्ने काम पनि संग्रहालयले गर्दै आएको छ । जनसम्पर्क विस्तार गरी संग्रहालयको प्रचारप्रसार बढाउन बेलाबेलामा प्राकृतिक विज्ञान सम्बन्धी तालिम दिने, अन्य संघसंस्थाहरुसँग सहकार्य गर्दै सञ्जाल निर्माण गर्ने जस्ता क्रियाकलापहरु समेत सञ्चालन गरिन्छ ।

तालिममा सहभागी हुने मौका

करिब नौ महिना अघिको कुरा हो । संग्रहालयमा कार्यरत प्रा. डा. धर्मराज डंगोल सरले यस संग्रहालयबाट प्रतिनिधित्व गर्दै एक तालिममा सहभागी हुने अवसर आएको सूचना मलाई टेलिफोनबाट दिनुभयो । तत्कालै उहाँसँग मैले त्यसमा आफ्नो सहभागिता सुनिश्चित गरें ।

त्रिभुवन विश्व विद्यालयको विज्ञान तथा प्रविधि अध्ययन संस्थान र रोयल ट्रपिकल इन्स्टिच्युट नेदरल्याण्डद्वारा संयुक्त रुपमा आयोजित तालिमको विषय थियो, 'कृषि विज्ञान प्रविधिमा स्थानीय अन्वेषणमा आधारित संयुक्त अनुसन्धानको साझेदारी'। २०७३ फागुन ७ देखि १२ गतेसम्म नगरकोटको हिलसाइड भिलेज रिसोर्टमा सञ्चालन भएको सो तालिममा म उत्साहपूर्वक सहभागी भएँ।

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर रहेका विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा कार्यरत अध्यापक, वैज्ञानिक तथा कर्मचारीहरुलाई स्थानीय अन्वेषणमा आधारित कृषि विज्ञान तथा प्रविधि क्षेत्रको संयुक्त अध्ययन, अध्यापन तथा अनुसन्धानमा सरिक गराउनु तालिमको मुख्य उद्देश्य थियो।

तालिमका सहभागी २१ जनामा त्रिभुवन विश्वविद्यालयको विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा कार्यरत १८ जना अध्यापक र दुई विद्यार्थीका बीच संस्थानको एक्लो कर्मचारी म मात्र थिएँ । त्यो दुर्लभ अवसरको सदुपयोग गर्दै तालिमका सिकाइहरुलाई आफ्नो कार्यक्षेत्रमा लागू गर्न म दृढ भएँ।

प्रोलिन्नोभा इन्टरनेशनलकी शेषा वातासिना, पर्यावरणीय सेवा केन्द्र नेपालका वसन्त रानाभाट, प्रोलिन्नोभा इन्टरनेशनलका नेपाल संयोजक प्रा.डा. धर्मराज डंगोल र युएनडीपीका सुमन शेखर मानन्धरबाट पाएको त्यो तालिमले प्रोलिन्नोभा अर्थात् स्थानीय अन्वेषण प्रबर्द्धनको क्षेत्रमा यात्रा गर्नका लागि मलाई नयाँ गोरेटो देखायो।

तालिमका सिकेका विषयवस्तु

सो तालिममा निम्न विषयवस्तु समावेश थिए:

–गाउँगाउँका साना किसानले गरेका स्थानीय अन्वेषणलाई प्रवर्द्धन गर्ने प्रोलिन्नोभा नामक सञ्जालको परिचय

–राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा ख्यातिप्राप्त स्थानीय अन्वेषक र तिनका अन्वेषणहरूबारे जानकारी

–सहभागितामूलक अन्वेषण विकासका विधिहरू

–क्षमता अभिवृद्धिका लागि प्रस्ताव लेखन सीप

–च्याउखेती, कौसीखेती र एक नर्सरीको स्थलगत अध्ययन

–प्रोलिन्नोभाका र यसको बहुसाझेदारी अभ्यासका बारेमा जानकारी

–तालिममा प्राप्त ज्ञान र सीपलाई आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने प्रतिबद्धता सहितको योजना प्रस्तुति

मेरा प्रतिबद्धता र कार्यसम्पादन

तालिमको अन्तिम दिन मैले आफ्ना प्रतिबद्धताहरुलाई योजनासहित यसप्रकारले प्रस्तुत गरेकी थिएँ :

–आफ्नो कार्यक्षेत्र प्राकृतिक विज्ञान संग्रहालयका सहकर्मीहरुलाई प्रोलिन्नोभाको बारेमा जानकारीमूलक प्रस्तुति दिने

–तालिमका ज्ञान, सीप र अनुभव समेटेर प्रोलिन्नोभाबारे लेख लेखी प्रकाशनमा ल्याउने

–प्राकृतिक विज्ञान संग्रहालय अवलोकन गर्न आउने दर्शकहरुलाई संग्रहालयका विशेषतासँगै स्थानीय अन्वेषण र सहभागितामूलक अन्वेषण विकासका बारेमा पनि जानकारी गराउने

तिनै प्रतिबद्धताबमोजिम मैले २०७४ साउन ३२ गते संग्रहालयमा आयोजित एक सेमिनार मा प्रोलिन्नोभाको बारेमा आफ्नो प्रस्तुति दिएँ । सेमिनारमा संग्रहालयका सहकर्मी, आमन्त्रित अध्यापक तथा वैज्ञानिक, विभिन्न संघसंस्थाका प्रतिनिधि र विज्ञानका विद्यार्थी गरी ४५ जनाको सहभागिता थियो।

सोही प्रतिबद्धतामा टेकेर लेखिरहेको यो लेखका साथै भविष्यमा पनि यसबारेको लेखनीलाई निरन्तरता दिनेछु । प्राकृतिक विज्ञान संग्रहालयका दर्शकहरूलाई स्थानीय अन्वेषण र सहभागितामूलक अन्वेषण विकासका बारेमा पनि जानकारी दिँदै आएको छु। जनचेतनाको यो सिलसिलालाई सुदूर भविष्यसम्म निरन्तर जारी नै राख्नेछु।

प्रोलिन्नोभामा मेरो आवद्धता

'प्रोलिन्नोभा' शब्द अंग्रेजी भाषको 'प्रोमोटिङ लोकल इन्नोभेसन' को संक्षिप्त रुप हो । यसको अर्थ 'स्थानीय अन्वेषण प्रबर्द्धन' भन्ने हुन्छ । प्रोलिन्नोभाको सञ्जाल एसिया, अफ्रिका र ल्याटिन अमेरिकासम्म छन् । नेपालको प्रोलिन्नोभालाई 'प्रोलिन्नोभा नेपाल' भनिन्छ। यसको सचिवालय प्राकृतिक विज्ञान संग्रहालय स्वयम्भू, काठमाण्डौमा छ ।

प्राकृतिक विज्ञान संग्रहालय प्रोलिन्नोभा नेपालको एक सदस्य संस्था हो । म पनि संग्रहालयकै माध्यमबाट प्रोलिन्नोभा नेपाल प्रोलिन्नोभा नेपाल, प्राकृतिक विज्ञान संग्रहालय तथा यसका प्रमुख डा. धर्मराज डंगोलको हौसला र मेरा साथी एवम् सहकर्मीहरुको सहयोग नपाएको भए मैले उत्साह लिएर उभिने यो नयाँ क्षितिज पाउने थिइन ।

युनिटको सदस्य बनेको छु । प्रोलिन्नोभा नेपालले पर्यावरणीय कृषि तथा प्राकृतिक स्रोतसाधनको व्यवस्थापनमा गरिएका स्थानीय अन्वेषण तथा सहभागितामूलक प्रविधि विकासमा टेवा पुऱ्याउने गर्दछ ।

हाल प्रोलिन्नोभा सञ्जालले युवा वर्गले गरेका स्थानीय अन्वेषणको प्रवर्द्धन गर्नुका साथै स्थानीय अन्वेषणको अध्ययन अनुसन्धानमा उनीहरुको सहभागिता बढाउने योजना बनाएको छ । यस्तो योजनाले मेरो मन जितेकाले यस सञ्जालमा आवद्ध भएर यससँग सम्बन्धित विभिन्न क्षेत्रहरुमा क्रियाशील हुने विचारको वेग अझै बलियो भएको छ।

कृषिसम्बन्धी स्थानीय अन्वेषणको अध्ययन अनुसन्धानमा अझ बढी समय र मेहनत लगानी गर्ने सोचले मलाई तानिरहेको छ। आफूले जानेको ज्ञान र सीप विज्ञानका विविध विषयमा दख्खल राख्ने युवा समुदायका बीच साट्ने र समाजका आम मानिसलाई बाँड्ने मेरो रुचि छ। त्यसैले प्रोलिन्नोभा मेरो लागि एउटा सुन्दर सपनाको बगैंचा हो जहाँ म आफ्नो सोचका नयाँनयाँ बिरुवा रोपेर सुगन्धित फूलहरु फुलाइरहेको छु।

स्थानीय अन्वेषणको अध्ययन, अनुसन्धान र प्रबर्द्धन गरी समकालीन समाजलाई सक्दो योगदान पुऱ्याउनुमा नै म आफ्नो ज्ञान, सीप र कर्मको अधिकतम सार्थकता देखिरहेको छु । प्रोलिन्नोभा नेपालको खुला सञ्जालमा आवद्ध भई स्थानीय अन्वेषणको प्रबर्द्धनमा साथ दिन म आफूजस्ता तमाम युवालाई आव्हान पनि गर्छु।

प्रोलिन्नोभाले मलाई आफ्नो रुचिको सगरमाथा चुम्नका लागि अग्लो उचाइको अनुपम लक्ष्य दिएको छ। प्रोलिन्नोभा नेपाल, प्राकृतिक विज्ञान संग्रहालय तथा यसका प्रमुख डा. धर्मराज डंगोलको हौसला र मेरा साथी एवम् सहकर्मीहरुको सहयोग नपाएको भए मैले उत्साह लिएर उभिने यो नयाँ क्षितिज पाउने थिइन । उहाँहरु सबैप्रति आभारी छु।

परिवर्तनकारी सहकारीको पाँचौं साधारण सभा सम्पन्न

परिवर्तनकारी बचत तथा ऋण सहकारीको पाँचौं साधारण सभा गत कार्तिक ११ गते शनिवार जलविनायक चोभारमा सम्पन्न भयो।

संस्थाका अध्यक्ष प्रमोद महर्जनको सभापतित्वमा भएको उक्त सभाको संस्थाका ज्येष्ठ महिला सदस्य चम्पावती महर्जन र ज्येष्ठ पुरुष सदस्य विष्णु महर्जनले पानसमा दीप प्रज्ज्वलनगरी उद्घाटन गर्नु भएको थियो।

अध्यक्ष प्रमोद महर्जनले वार्षि प्रतिवेदन प्रस्तुत गर्नुभयो। उहाँको प्रतिवेदन अनुसार २०६९ साल भाद्र महिनादेखि सुरु भएको हो। सुरुमा शेयर पूजी जम्मा रु.१२,५०,००० बाट सुरु गरेको संस्थाले आ.व. २०७२/०७३ आषाढ मसान्तसम्म रु.७९,६८,४००/ पूँजी पुऱ्याएकोमा आ.व. २०७३/०७४का अन्त्यसम्ममा रु.९८,९०,४००/ पुऱ्याउन सफल भएको ।

उहाँका अनुसार सहकारीका सदस्यहरुबाट निक्षेप संकलन स्वरुप प्राप्त रकम रु.२०,९४,४८,१७८/ समेत गरी गत आ.व.को अन्तसम्ममा रु.२५,२३,०६,५२४/ लगानी भएको छ। सहकारीको निक्षेपको जुन रुपले बृद्धि भएको छ सोही अनुपातमा शेयर पूँजी पनि बृद्धि गर्नुपर्ने भएकोले निक्षेप रकमको १०% ले हुने रु.२,०९,४४,८१७/ भन्दा बढी शेयर पूँजी पुऱ्याउनकोलागि रु.१,१०,५४,४१७/ थप्नु पर्ने चुनौति आएको बताउनु भयो।

विश्वया न्ह्यागु कुनय् च्वना नं newafm.com.np पाखें

नेपालभाषा एकेदेमिया नितिं अनक मिडिया प्रा.लि.या न्ह्यब्वया नेवाः एफ. एम. १०६ दशमलब ६ न्यनादिसँ/न्यंकादिसँ न्हिच्छि चच्छि (२४ सै घण्टा) प्रशारण जुयाच्वंगु दु।

नेवाः एफ. एम. परिवार, न्यामासिमा किपू

जनसेवा शिक्षक कर्मचारी कल्याणकारी कोषको तेह्रौं साधारण सभा



जनसेवा मा.वि.पाँगाका शिक्षक कर्मचारीहरु मिली २०६१ सालमा स्थापना गरिएको जनसेवा शिक्षक कर्मचारी कल्याणकारी कोषको तेह्रौं वार्षिक साधारण सभा गत कार्तिक ९ गते विहिवारका दिन जलविनायक चोभारमा सम्पन्न भएको छ।

शिक्षक शिवराम श्रेष्ठले संचालन गर्नुभएको उक्त सभाको सभापतित्व कोषका अध्यक्ष राजेन महर्जनले ग्रहण गर्नुभएको थियो।प्रमुख अतिथि जनसेवा व्यवस्थापन समितिका अध्यक्ष माधवलाल महर्जनले पानसमा दीप प्रज्ज्वलन गरी उद्घाटन गर्नुभयो । विशेष अतिथि जर्मन नागरिक विल्फ्रेड गेरफन, अन्य अतिथिहरुमा जनसेवाका प्राचार्य नन्दकुमारी महर्जन, शिक्षक अभिभावक संघका अध्यक्ष चन्द्र बानियाँ लगायत विद्यालय व्यवस्थापन समितिका सदस्यहरु हुनुहुन्थ्यो।

कोषका सचिव पवित्रा महर्जन (शाक्य)ले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। उहाँका अनुसार ३४ जना सदस्य रहेको कोषमा प्रति सदस्य प्रति महिना रु.१५००/का दरले रकम जम्मा हुँदै आएको छ। उक्त रकम बराबर विद्यालयले पनि प्रत्येक वर्ष कोषमा जम्मा गरी सहयोग गरिँदै आएको छ। त्यस कोषले प्रत्येक वर्ष विद्यालय प्रवेश र नियुक्तिको आधारमा ज्येष्ठ सदस्यलाई सम्मान तथा अभिनन्दन गर्दै आइरहेकोमा यस वर्ष शिक्षक दुर्गावहादुर महर्जनलाई सम्मान गरिने बताउनुभयो।

त्यस्तै कोषले कक्षा १ देखि १० सम्म निरन्तर जनसेवामा अध्ययन गरी एस.ई.ई पास गर्ने विद्यार्थीहरुलाई सम्मान स्वरुप पुरस्कार प्रदान गरिँदै आएकोमा यस वर्ष १४ जना विद्यार्थीहरुलाई सम्मान गरिएको छ। पहिले ल्यापटप खरिद गर्न ऋण प्रवाह गरिँदै आएको कोषले यस वर्षदेखि सो ऋण प्रवाह बन्द गरी दुई पाङ्ग्रे सवारी साधन कर्जा सुरु गरेको बताउनु भयो। कर्जा रकम बढीमा ३ लाखसम्म हुनेछ भने उक्त कर्जा बढीमा २५ किस्तासम्म चुक्ता गर्नु पर्ने र व्याज १२%प्रतिशत हुने जानकारी दिनुभया। कोषाध्यक्ष रुपा महर्जनले आर्थिक प्रतिवेदन पेश गर्नेक्रममा कोषको र कम २०७४ असान्त मशान्तसम्ममा रु.४३,६१,६१२/५० रहेको जानकारी दिनुभयो। ऋण प्रभाव गरेको अनुसार सदस्यहरुबाट भुक्तानी पनि पाईरहेकोमा सन्तोष व्यक्त गर्नुभयो।

उक्त कार्यक्रममा ज्येष्ठ सदस्य जनसेवाका सहप्रधानाध्यापक दुर्ग बहादुर महर्जनलाई प्रमुख अतिथिले सम्मान पत्र प्रदान गरिएको थियो।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

जनाधार सामुदायिक क्याम्पस पाँगामा शैक्षिक सत्र २०७४/०७५ का लागि ४ वर्षे BBS प्रथम वर्षमा नयाँ भर्ना खुल्यो।

हाम्रा विशेषताहरू

१.नमूना जनसेवा माविको ऐतिहासिक पक्षलाई आधार बनाई अघि बढाइएको।
२.BBS का लागि छुट्टै Language Lab को स्थापना भएको।
३.सफा र शान्त, व्यवस्थित शैक्षिक वातावरण भएको।
४.७० प्रतिशत भन्दा बढी नतिजा ल्याउन सफल भएको।
५.खेलाडी, गरिब, जेहेन्दार, दुर्गम लगायत विवि छात्रवृत्तिको व्यवस्था भएको।
६.उत्कृष्ट विद्यार्थीहरूलाई विभिन्न पुरस्कारबाट सम्मानित गरिने
७.नियमित अतिरिक्त क्रियाकलापको व्यवस्था भएको।
८.दक्ष र अनुभवी प्राध्यापकहरूद्वारा मैत्रीपूर्ण व्यवहारमा पठनपाठन गरिने।
९.मल्टिमेडिया तथा परियोजना कार्यमा आधारित शिक्षण विधि प्रयोग गरिने।
१०.शैक्षिक गुणस्तर कायम राख्न नियमित मूल्याङ्कन र आन्तरिक परीक्षाको व्यवस्था भएको।

JANADHAR COMMUNITY CAMPUS

जनाधार सामुदायिक क्याम्पस

पाँगा, कीर्तिपुर सम्पर्क नं. ४३३०८८०/४३३१९८२

सातौं अन्तर वडा वास्केटवल कप वडा नं.१ को पोल्टामा



प्रदिप महर्जन

कीर्तिपुर नगरपालिका र कीर्तिपुर बास्केटबल एकेडेमीको संयुक्त आयोजनामा भइरहेको अन्तर वडा पूरुष तथा महिला बास्केटबलको फाइनल खेल हिजो सम्पन्न भयो। उक्त फाइनल खेलमा महिला तर्फ प्रथम भएका वडा नं. ९का खेलाडीहरुलाई प्रमुख अतिथि कीर्तिपुर न. पा.का मेयर रमेश महर्जनले मेडल, ट्रफी तथा प्रमाण पत्र वितरण गर्नु भयो भने नगद पुरस्कार दाता कविन्द्र निर्माण सेवाका निर्देशक कविन्द्र महर्जनले प्रदान गर्नु भयो।

पूरुष तर्फ प्रथम भएका वडा नं. १ का खेलाडीहरुलाई विशेष अतिथि कीर्तिपुर नगरपालिकाका उप मेयर सरस्वती खड्काले मेडल, प्रमाणपत्र तथा ट्रफी वितरण गर्नु भयो भने नगद पुरस्कार दाता पद्मकाष्ठपुरका प्रोप्राइटरले प्रदान गर्नु भयो। त्यस्तै पूरुष तर्फ द्वितिय हुने खेलाडीहरुलाई मेडल, प्रमण पत्र नेपाल बास्केटवल संघका संथापक प्रथम उपाध्यक्ष प्राध्यापक डा. राम कृष्ण महर्जन र उपाध्यक्ष ई. पद्मलाल महर्जनले वितरण गर्नु भयो र महिला तर्फ दोश्रो हुने वडा नं. ८ का खेलाडीहरुलाई नेपाल बास्केटबल संघका संस्थापक कोषाध्यक्ष सन्तोष तिमिल्सिना र संस्थापक सदस्य उप प्राध्यापक शान्त बहादुर श्रेष्ठले वितरण गर्नु भयो। सोही अवसरमा भएको अन्तर विद्यालय होम एण्ड अवे बास्केटबल प्रतियोगितामा प्रथम र दोश्रो हुने खेलाडीहरुलाई मेडल, प्रमाण पत्र र ट्रफी नेपाल बास्केटबल संघका संस्थापक महासचिव एवं कीर्तिपुर खेलकुद विकास समाजका अध्यक्ष प्रदिप महर्जन र नयाँ बजार क्लवका अध्यक्ष एवं ने.बा. संघ का संस्थापक सदस्य ईश्वरमुनी बज्राचार्य दुवैले संयुक्त रुपमा वितरण गर्नु भयो।

पुरस्कार वितरण पूर्व पुरुष तर्फ वडा नं. १ र वडा नं. १० वीच भएको फाइनल खेलमा एक पक्षिय रुपमा वडा नं. १ ले १० लाई ७०-३४ अंकको भारी अन्तरले पराजित गरी कप हात पार्न सफल भए भने महिला तर्फ प्रतिस्पर्धात्मक ३/३ खेलमा वडा नं. ९ ले वडा नं. ८ लाई १२-८ अंकले पराजित गरी कप हात पार्न सफल भए। पुरुष तर्फको खेलमा आफ्ना टिमका लागि उत्कृष्ट खेल प्रदर्शन गर्दै सोनम महर्जनले सवै भन्दा बढी ३४ स्कोरका थिए। प्रतियोगिताकै सवैभन्दा अग्ला खेलाडी वडा नं. १ का डिटेशोर शाह (६फिट ६इन्च) ले पनि निकै आकर्षक व्लकहरु गर्नुका साथै राम्रो रिवाउण्डहरु लिन लिई दर्शकहरुको मन जित्न सफल भएका थिए।



यस खेलमा अर्का खेलाडी अनिल खड्गीले धेरै वलहरु पास दिएर बास्केट गर्न सहयोग गर्नुका साथै आफैले पनि व्यक्तिगत २० स्कोर गरी टिमलाई जिताउन सफल हुनु भयो र उहाँले मोस्ट भ्यालुएवल प्लेएरको उपाधि समेत जित्न सफल हुनुभयो।

महिला तर्फ ३/३ खेलमा मुना महर्जनले आफ्ना टिमका लागि १२ मध्ये ५ स्कोर गर्न सफल भएका थिए। उत्कृष्ट खेल प्रदर्शन गरेर आफ्नो टिमलाई जिताउन महत्वपूर्ण भूमिका खेलेबापत मुना महर्जनलाई महिला तर्फ मोस्ट भ्यालुएवल प्लेएरको उपाधि जित्न सफल भएका थिए। चार महिना देखि सञ्चालन भैरहेको होम एण्ड अवे अन्तर विद्यालय बास्केटवल प्रतियोगिताको अन्तिम फाइनल खेल पनि एक पक्षिय रुपमा ब्राइट होराइजन स्कूलले कमल इडलिस स्कूललाई ४९-१६ स्कोरको भारी अन्तरले जित्न सफल भएका थिए।

ब्राइट होराइजन स्कूलका मिडमार ग्याल्जेन शेर्पा मोस्ट भ्यालुएवल प्लेएर घोषित भएका थिए। सोही अवशरमा ह्विल चियर बास्केटबल खेलको प्रोमोशनका लागि ललितपुर ह्विल चियर बास्केटबल क्लवको दुई टिम व्ल्यू टिम र रेड टिमका वीच प्रर्दशन खेल खेलाइएको थियो।

पुरस्कार वितरण समारोहमा एकेडेमीमा उपाध्यक्षले आमन्त्रित प्रमुख अतिथि विशेष अतिथि लगायत अतिथिहरुलाई स्वागत गर्नका साथै प्रतियोगिता र भावी कार्यक्रमको वारेमा बताउनु भएको थियो।

कार्यक्रमको सभापतित्व एकेडेमीका अध्यक्ष विजय प्रकास महर्जनले गर्नु भएको थियो। कार्यक्रममा प्रमुख अतिथि की. न.पा.का मेयर रमेश महर्जन र ने. बा. सं. का संस्थापक प्रथम उपाध्यक्षले बास्केटबल खेल विकासमा नयाँ बजार क्लव कीर्तिपुरले गरेका कार्यको खुलेर प्रशंसा गर्नुका साथै महत्वपूर्ण योगदान र हेको कुरा बताउनु भयो।

पुरस्कार वितरण समारोहमा कीर्तिपुर नगरपालिकाका १० वटै वडाका वडा अध्यक्षज्यूहरुको उपस्थिति थियो।

भर्ना खुल्यो ! भर्ना खुल्यो ! !

मङ्गल बहुमुखी क्याम्पस, कीर्तिपुरमा शैक्षिक सत्र २०७४/०७५ को लागि ४ बर्षे BBS तथा BEd प्रथम बर्षमा नयाँ भर्ना खुल्यो। धमाधम फारम वितरण भैरहेको छ। आजै सम्पर्क राख्नुहोस्। समय: विहान ७ बजेदेखि नौ बजेसम्म

हाम्रा विशेषताहरू:

१) नमुना मंगल उ.मा.वि. (१०+२) लाई स्तरण गरेर नमुना रुपमा स्थापना गरिएको मङ्गल ब. क्याम्पस भएको।
२)छुट्टा छुट्टै Block मा BBS र BEd को कक्षा संचालन भएको।
३) सफा र शान्त शैक्षिक वातावरण भएको।
४) प्रत्येक संकायमा ७५ प्रतिशत भन्दा बढी नतिजा ल्याउन सफल भएको।
५) खेलाडी, गरिब, जेहेन्दार, दुर्गम लगायत विविध छात्रबृत्तिको व्यवस्था भएको।
६) उत्कृष्ट विद्यार्थीहरुलाई विभिन्न पुरस्कारहरुबाट सम्मानित गरिने।
७) नियमित अतिरिक्त क्रियाकलाप तथा शैक्षिक भ्रमण र हाइकिङको व्यवस्था भएको।
८) दक्ष र अनुभवी प्राध्यापकहरुद्धारा मैत्रीपूर्ण व्यवहारमा अनुसन्धान मुलक र व्यवहारपरक पठन पाठन गरिने।
९) मल्टिमेडिया, प्रोजेक्ट विधि तथा ग्रुप डिस्कसन विधिबाट अध्यापन गरिने।
१०) शैक्षिक गुणस्तर कायम राख्न नियमित मुल्यांकन र अतिरिक्त परीक्षाको व्यवस्था भएको।

BBS & BEd
भर्नामा विशेष छुट

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर, फोन नं. ४३३०५४४, ४३३५५६०

इटालियनसंस्थाद्वारा जनपोलिक्लिनिकलाई डिजिटल एक्स रे मेशिन र डेन्टल चेयर सेटिंग सहयोग प्रदान



कीर्तिपुर सन्देश

कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रद्वारा संचालित जन पोलि क्लिनिकलाई इटालियनहरु द्वारा डिजिटल एक्स रे मेसिन र दाँत सम्बन्धि उपकरण उपहार स्वरुप प्रदान गरिएको छ ।

गत कार्तिक १२ गते आइतवार कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रको टाउनप्लानिंग स्थित नयाँ भवनमा एक कार्यक्रमका बीच उक्त सामानहरु राखिएका दुईटा कोठाको रिबन काटी उद्घाटन गरिएको थियो । स्वास्थ्य केन्द्रका अध्यक्ष हिरा महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रममा इटालिका Giuliano De Marchi per il Nepal का अध्यक्ष Simonetta De Marchi र अर्को प्रतिनिधि Dr.Mauro ciotti ले खुशी व्यक्त गर्दै आफ्नो संस्थाको गठन उद्देश्य बारे जानकारी दिनुभयो । जसलाई दोभाषेको रुपमा रहनु भएका नारायण महर्जनले अनुवाद गरी सुनाउनु भयो । सन् २००९ मा नेपाल प्रेमी बच्चाहरुको डाक्टर Giuliano De Marchi पहाड चढ्ने सिलसिलामा भीरबाट खसेर मृत्यु भएका थिए । मृत्यु पश्चात परिवार, समुदाय तथा साथीहरुमा धेरै नै दुःख छायो । त्यो दुःखलाई सकारात्मक काम गर्न र त्यो मृत्युलाई परिपुर्ति गर्न परिवार र साथीहरु मिलेर एउटा सामाजिक संस्था Giuliano De Marchi Per il Nepal खोल्नु भयो । आज त्यहि संस्था मार्फत नेपालका विभिन्न स्थानमा स्वास्थ्य, शिक्षा, सांस्कृतिक सम्बन्धि विभिन्न कार्यमा सहयोग यरिरहेका छन् । हालसम्म उहाँहरुले सहयोग गरेका योजना तथा स्थानहरु निम्न छन् ।

१) कीर्तिपुर नगरपालिका वडा नं.५ राराहिल मेमोरियल स्कुलका विद्यार्थीहरु, सामुदायिक स्कुलका विद्यार्थीहरुलाई स्वास्थ्य परिक्षण, स्वास्थ्य सेवा प्रदान गरेको छ ।

२) गोर्खाको आश्राङ्गमा विद्यालय भवन निर्माण र स्वास्थ्य चौकीलाई सहयोग ।

३) कीर्तिपुर न.पा.को वडा नं.१, २, र १० का केहि भागमा लोडसेडिङ्गका बेला साना साना सोलार बल्बहरु बाटोमा राखी बाटो हिंड्न सजिलो बनाएको ।

४) जनपोलिक्लिनिकलाई Digital X-ray Machine र Dentel Chail Setting सहित उपलब्ध गराएको

५) कीर्तिपुर न.पा. वडा नं.२ को सिहदबु भुकम्पले चर्केकोले नेवाः शैलीमा निर्माण गर्न सहयोग गरेको छ ।

६) विभिन्न समयमा स्वास्थ्य औजारहरु कीर्तिपुर अस्पताललाई र जनपोलि क्लिनिकलाई सहयोग ।

७) भुकम्प पिडित, गरीव परिवारका बच्चाहरुलाई विद्यालय पढाउन आर्थिक सहयोग

८) तराईमा बाढी पिडितहरुलाई राहत सहयोग गरेको ।

९) धादिङको झारलिङ्गको स्कूलमा १२ वटा कोठा भएको पक्की विद्यालय भवनको निर्माण गरेको ।

१०) आस्राङ्गको एउटा हेल्थपोस्तमा औषधीको साथै मेडिकल इक्वीपमेन्ट दिई सहयोग गरेको ।

भविष्यमा अझ कीर्तिपुर क्षेत्रमा थप सहयोग गर्दै जाने बचन दिनुभयो ।

उक्त अवसरमा कीर्तिपुर सामुदायिक स्वास्थ्य केन्द्रका सल्लाहकार पूर्व राज्यमन्त्री दिलिप महर्जन र संस्थाका संचालक समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

उहाँहरुलाई मायाको चिनो सहित कदर पत्रद्वारा सम्मान गरिएको थियो ।



दशौं साधारण सभाको सूचना

यस सहकारी संस्थाको संचालक समितिको मिति २०७४/०७/०९ गते बसेको बैठकको निर्णय अनुसार दशौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा हुने भएकोले उपस्थित भै दिनु हुन अनुरोध गर्दछ ।

मिति : २०७४/७/२५ गते शनिवार

स्थान : चांगु नारायण, भक्तपुर

समय: विहान ७ बजे (सभास्थलसम्म जान बिहान ७ बजे कार्यालय प्रांगणमा बसको व्यवस्था गरिएको छ । समयमा नआई गाडी छुटेमा संस्था जिम्मेवार हुने छैन ।)

नोट : ***यस संस्थाको शेयरधनी सदस्यहरुका एकै परिवारका सदस्यहरु यस वर्षको एस.ई.ई.मा उतिर्ण हुनु भएका विद्यार्थीहरुलाई सभामा सम्मान गर्ने निर्णय अनुसार सम्बन्धित प्रमाणपत्रको फोटोकपी यहि कार्तिक २० गतेभित्र कायालयमा पेश गरिदिनु हुन अनुरोध गर्दछ ।***

पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि.

ढोकासी, पाँगा, कीर्तिपुर–८

सातौं साधारण सभाको सूचना

यस संस्थाको सञ्चालक समितिको बैठकको निर्णय अनुसार देहायको मिति, समय र स्थानमा हुन गइर हेको सातौं वार्षिक साधारण सभामा यहाँको उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

मितिः २०७४ कार्तिक १८ गते शनिवार

स्थान : दक्षिणकाली

समयः विहान ७ बजे

उपस्थित समय ६:३० र प्रस्थान कार्यालय प्राङ्गनबाट, बसको सेवा उपलब्ध छ । बस छुट्न गएमा संस्था जवाफदेही हुने छैन ।

राजु महर्जन

सचिव

झीगु तिबः बचत तथा ऋण सहकारी संस्था लि

शहीदपथ, पाँगा, की.न.पा. –८

हार्दिक बधाई

निर्मल बुद्धभूमि वचत तथा ऋण सहकारी संस्था लि. को सातौं साधारणसभामा अभिनन्दित तथा सम्मानित व्यक्तित्वहरुमा निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी हार्दिक बधाई ज्ञापन गर्दछ ।





नगरमण्डप श्रीकीर्ति विहारको संस्थापक भिक्षु सुदर्शनलाई मरणोपरान्त अभिनन्दन प्रतिनिधि मिना गुरुमालाई अभिनन्दन पत्र प्रदान गर्दै सहकारीका अध्यक्ष योगेन्द्र दर्शनधारी



सुलक्षण कीर्ति विहारको संस्थापक डा.अनोजा गुरुमांलाई अभिनन्दन पत्र प्रदान गर्नुहुँदै निर्मल बुद्धभूमिका अध्यक्ष योगेन्द्र दर्शनधारी



कीर्तिपुर क्षेत्रमा प्रथम स्कुल संस्थापक स्व.नरवहादुर महर्जनलाई मरणोपरान्त कदर पत्र उहाँका नाती शंकर डंगोललाई कदर पत्र प्रदान गर्दै सहकारीका अध्यक्ष योगेन्द्र दर्शनधारी



कीर्तिपुरका प्रथम महिला शिक्षिका आशा माया श्रेष्ठलाई कदर पत्र प्रदान गर्दै प्रमुख अतिथि पर ीतोष पौडेल र सहकारीका अध्यक्ष योगेन्द्र दर्शनधारी

हार्दिक बधाई

निर्मल बुद्धभूमि वचत तथा ऋण सहकारी संस्था लि. को सातौं साधारणसभामा अभिनन्दित तथा सम्मानित व्यक्तित्वहरुमा निर्मल बुद्धभूमि सहकारी हार्दिक बधाई ज्ञापन गर्दछ ।



कीर्तिपुर क्षेत्रका प्रथम डाक्टर डा.देवकाजी डंगोल को प्रतिनिधि रवि महर्जनलाई कदर पत्र प्रदान गर्नुहुँदै निर्मल बुद्धभूमिका अध्यक्ष योगेन्द्र दर्शनधारी



शारीरिक सुगठनमा हालैमात्र अन्तरराष्ट्रिय रजत पदक जित्न सफल ननिता महर्जनलाई कदर पत्र प्रदान गर्दै



कीतिपुरको पहिलो रंगिन पत्रिका कीर्तिपुर सन्देश साप्ताहिकका प्रकाशक नजरराम महर्जनलाई कदर पत्र प्रदान गर्नुहुँदै मिना गूरुमा र निर्मल बुद्धभूमिका अध्यक्ष योगेन्द्र दर्शनधारी



कीर्तिपुरका प्रथम इन्जिनियर पदमलाल महर्जनलाई कदर पत्र प्रदान गर्नुहुँदै निर्मल बुद्धभूमिका अध्यक्ष योगेन्द्र दर्शनधारी



उत्कृष्ट बचत कर्ता गंगाराम महर्जनलाई कदर पत्र प्रदान गर्नुहुँदै निर्मल बुद्धभूमिका अध्यक्ष योगेन्द्र दर्शनधारी



सांस्कृतिक बाजाका बहुमुखी एवं प्रतिभाशाली गुरु गोविन्द महर्जनलाई कदर पत्र प्रदान गर्दै मिना गूरमा र सहकारीका अध्यक्ष योगेन्द्र दर्शनधारी



उत्कृष्ट कर्मचारी सोनिया महर्जनलाई प्रमाणपत्र र मायाको चिनो निर्मल बुद्धभूमि सहकारीका अध्यक्ष योगेन्द्र दर्शनधारी

mobile nikunj group

MN Group Festival Offer!!!

Not Limiting to Only Mobiles

अब हरेक Mobiles, Electronics तथा Accessories को खरिदमा हात खालि नहुने आकर्षक उपहार !!!

Recharge Card free !!! Mobile Temper Glass Free !!! Movie, Songs Uploading Free !!!

Charger किन्दा Charger Free !!!
Earphone किन्दा Earphone Free !!!
Cover किन्दा Cover Free !!!
Data Cable किन्दा Data Cable Free !!!

Showrooms:-

1. Kirtipur 9, Nayabazar, Kathmandu Ph. +97714333237
2. Kathmandu 14, Kuleshwor. Ph. +97714284818
3. Lalitpur 12, Prayagpokhari. Ph. +97715541066

Wholesale Distributor:-

4. Kathmandu 24, Mahabouddha, Mobile house. Mob.+9779802077417

Distributor Company:-

5. Kathmandu 23, New Road, Jhochhe. Mob. +9779802077408

We are here to provide Best service to our customer at prefer area.

Head Office
Kirtipur 9, Nayabazar, Kathmandu.
Ph. +97714331714
info@mobilenikunjgroup.com
www.mobilenikunjgroup.com

आत्मपहिचान नभएका राजनीतिक नेता



अशोक शोकी

मानवको संवेग र व्याकुलताले उसलाई भौतिक साधनको चाहना र आवश्यकता बढाउँछ। त्यसैले ऊ जीवनको गतिविधिमा अलमलिरहेको हुन्छ । यो जीवनको भोगाइ हो ।

जीवनको भोगाइका अनेक आयाम हुन्छन् । विताइरहेको समयमा जुन भोगेर अनुभव गरिरहेका हुन्छन्, त्यो आज हो, अझ अहिले हो, हिजो र भोलि भनेको त्यो कल्पना मात्र हो । जसले वास्तविक जीवन बुझ्छ, ऊ आत्मचिन्तक र विवेकी बन्दछ । कति ठाउँमा आत्मचिन्तनले वैराग्यता पनि सिर्जना गर्दछ। वैराग्यमा पुगेको व्यक्ति जीवनको गतिविधिमा अलमलिदैन, ऊ प्रशन्नतापूर्वक आनन्दले जीवन व्यतीत गरिरहेको हुन्छ।

त्यो जीवन वास्तविक जीवन हो जसमा पूर्ण ज्ञान हुन्छ, भ्रम हुँदैन । प्रशन्नतापूर्वक आनन्द लिन ज्ञान वृत्तिको तृप्ति हुन जरुरी छ। विषयप्राप्तिबाट तत्क्षणमा तृप्त भए पनि पुन: संस्कार बन्नसक्छ । तब चाहना र आवश्यकता क्रमश: वृद्धि हुन्छ । फराकिलो बिचारमा कुण्ठित भई किनारमा सीमित हुन जान्छ। मनमा विक्षिप्तता भई समुन्द्को छालझैं तरंगित हुनेगर्दछ । यसबाट अशान्ति सिर्जना हुन्छ। आनन्द र आत्मस्वरुपको बोध निरंतर कायम राख्न ज्ञान दृष्टिले मध्यनजर राखी नीतिनियममा स्थायित्व दिन थाल्छ । तब हावा नचलेको तलाउझैं चित्त शान्त अवस्थामा हुनजान्छ । उसलाई भौतिक गतिविधिबाट विचलित पार्न सक्दैन ।

प्रखर ज्ञानवान व्यक्तिले सबैथोक आफूमा निहित हुने यथार्थ बुझ्दछ । आफू भन्नु नै आत्मा हो भनी आत्मालाई प्यारो गरी आनन्द लिन थाल्दछ । अज्ञानीले यहाँ जे जति गरिन्छ सबै अरुको लागि हो भन्ने सोचाइ राख्छ। सम्पत्ति कमाउँछ, छोरा छोरीको लागि उद्योगधन्धा चलाउँछ । आफूभन्दा अरुलाईध्यान नै दिंदैन । अरुलाई तुच्छ ठानेर व्यवहार गर्छ । राजनीतिमा नेता र कार्यकर्ताहरुले बोल्दछन् पद र सम्पत्तिको लागि मरिमेट्छन् । जनताको लागि काम गरेको आवरण मात्र दिन्छन् । आफ्नो ईच्छाअनुसार गर्छन् तर जनताको चाहाना भन्छन् । यो भावनामा भर पर्दछ,आफ्नो लागि गरेर अरुको लागि भन्नु र अरुको लागि गरेर आफ्नो लागि भन्नु । जसले आफ्नो लागि गरे ती पामर भए, जसले अरुको लागि गरे त्यो अमर भए, जो अमर भए इतिहासले संरक्षण गरिएका छन् । आजका शिक्षा हासिल गरेका उच्च ओहदामा पुगेका चनाखो पात्रहरु मात्र प्रमाणपत्रभक्त बनेका छन् । नैतिक शिक्षाले व्यक्तिको मनस्थितिमा विउ रोपेर बिचारलाई ओभानो गर्न सकिन्छ । ज्ञानले पोख्त भई माया दयाको खानी हुन्छ तब त्यस्ता व्यक्तिले सबैलाइ आफ्नो ठानी आफूनै सबैको ठान्न सकिन्छ । ब्रह्मसाक्षात्कार जस्तै हुन सकिन्छ । ब्रह्मसाक्षात्कार हुनेले पद पदवी भूपति पनि कर्तव्यनिष्ट मान्दछन्। यसको प्रमाणित सिद्धार्थ गौतम बुद्धले गर्नुभएको थियो । जबसम्म ब्रह्मसाक्षात्कार हुदैन तबसम्म यो गर्नुछ त्यो गर्नुछ भनी आफ्नो व्यावहारिक धन्दा व्यापार व्यवसायमा लागिरहेका हुन्छन् ।

यस समाजमा चलिरहेको यज्ञ उपासना पारलौकिक कर्तव्यमा लागिरहन्छ । जब अपरोक्ष ब्रम्हज्ञान हुन थाल्छ , तब निमग्न सिद्ध भई कर्तव्य अवशेष हुन थाल्छ । सम्पूर्ण प्राणीहरु उठानको लक्ष्य आनन्द प्राप्ति हो । सारा कामबाट पाइने आनन्द ब्रम्हानन्दबाट पाइने हुनाले ब्रम्हसाक्षात्कार ज्ञानी सबै काम पूरा भएको मानिन्छ । यो वास्तविक जीवन हो, यो सफल जन्म हो ।

हाम्रा राजनीतिक नेतामा आत्मज्ञानको अभाव देखिन्छ। म खाऊँ मै लाऊँ सुखसयल वा मोज मगरुँ भन्ने प्रवृत्तिले उनीहरुलाई वषिभूत बनाएको छ । वामपन्थी र दक्षिणपन्थीबीच आज जो ध्रुवीकरण देखिएको छ, त्यसमा आत्मज्ञानले होइन स्वार्थज्ञानले काम गरेको देखिन्छ । देश र जनताको हितका लागि र ाजनीतिक ध्रुवीकरण भएको नभई सत्तामा पुगेर लामो समयसम्म मोजमस्ती गर्ने ध्येयले ध्रुवीकरण हुनु दुर्भाग्यपूर्ण देखिन्छ । एकीकरण, एकता, मेलमिलाप आदि सकारात्म विषय त हुन्, तर त्यसको लक्ष्य के हो भन्ने बुझ्नु आवश्यक छ । आशा गरौं, राजनीतिक नेतृत्वले आत्मज्ञान हासिल गर्नेछ र आजको राजनीतिक ध्रुवीकरण आम नागरिकका लागि हुनेछ ।

छित: स्थानीय नेता, उद्घोषक, बांला:म्ह
वक्ता नापं बांला:म्ह एफ एम संचालक यायेगु
जिमिगु अभियान
सफूया नितिं फोन ल्या: ४३३३००७,
९८४१४०१०७७, ९८४१७५२५८३

Not For Medicinal Use
यौनशक्ति बर्द्धक



यो प्रचार होइन यथार्थ हो

- यौन दुर्बलता कमजोरी हटाई शिघ्र स्खलन रोकी, Extra Time बढाई लिङ्गको साईज र यौन पावर बढाउनको लागि विश्व स्तरीय भरपर्दो HERBAL SUPPLIMENT - MEN OF IRON www.menofiron.com मा हेर्नुहोस् ।
- बढ्दो उमेर प्रेसर, सुगर र मुटुको रोगलाई पनि हुने ।
- Sex Toys (Male/Female also available)
- स्तन बढाउने/घटाउने, योनी टाइट गर्ने, पेटको धर्सा हटाउने, डण्डीफो, चाउरीपना, चायाँ–पोतो चट्ट हटाउन मोटोपन घटाउन/बढाउन । कपाल उमार्न हाईट बढाउने Step Up
- मुखै बार्न नपर्ने सुगर कन्ट्रोलमा राख्ने DIABECON ढाड-कम्मर, हाडजोर्नी–नशा च्यापिएको,घुँडाको दुखाई चमत्कारी हर्वल तथा थेरापीद्वारा तुरुन्तै निको पार्ने ।
- छात्तीमा जलन, एसिडिटी पेट फुल्ने ग्याष्ट्रिक निको पार्ने ।
- जाँड–रक्सीको कुलत थाहै नदिई चटक्कै छुटाउने ।

फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग
दुर संचार गेटसँगै, कीर्तिपुर, बाहिरीगाउँ
फोन नं.०१४३३६७०१, ९८०३५०२२५९

दैवको दया दृष्टिमा पनि छक्का पञ्जा



कवि राम महर्जन
नगां, कीर्तिपुर–९

धनी गरीव ठूला साना
अग्ला होचा मोटा पाट्ला
राम्रा नराम्रा जे जस्तो भए पनि
हामी सबै मान्छे नै हौं

तर दैवपनि पक्षपात र निष्ठुरी रहेछ
दैवको दया दृष्टि त सबैलाई बराबर
हुनुपर्ने हो
तर त्यसो नभई
फरक फरक किन ?

कोही जीन्दगीभर दु:ख गरेर पनि
जीवनमा सु:ख भन्ने कुरो आकाशको फल झैं
कोही चोरी लुटपात र भ्रष्टाचार गरेर पनि
धन बटुल्न सफल

ईमान्दारी धनी भन्नेहरु त
औलामा गन्न सकिने
धनी सबै बेईमान भन्न खोजेको होइन
धनी धेरै अधर्मी भन्छन् त्यसैले मात्र

भुकम्प आयो चपेटामा गरीव नै
बाढी आयो गरीवकै घरगोठ बगाउँने
मठ मन्दिर घुमेर हेरौं
मागी खानेहरु गरीव नै

त्यसैले होला मान्छेहरु
पाप धर्म छोडौं
धन कमाउन थालौं भन्दै
धन कमाउनतीर लाग्दै

नलागोस् पनि किन
धन भए मान सम्मान सबै पाउने
नभए इज्जत के बईज्जत पाउन सजिलो
त्यसैले दैवको दया दृष्टिमा पनि छक्का पञ्जा ?



सहर्ष जानकारीको

नयाँ व्यवस्थापनद्वारा संचालित बाघ भैरव बैंक्वेट नगाउँ, कीर्तिपुर-९ मा विवाह, ब्रतबन्ध आदि शुभकार्य र सेमिनार गोष्ठी लगायतको लागि प्रशस्त पार्किंगको व्यवस्था भएको बाघभैरव बैंक्वेटलाई सम्झनुहोस ।



बाघभैरब बैंक्वेट

नगाउँ, कीर्तिपुर–९

सम्पर्क :

नविन श्रेष्ठ
पांगा पार्टी भेन्यू, पाँगा
फोन नं.९८५१०४९८११

महेश डंगोल
नगाउँ, कीर्तिपुर-९
९८५१०७२०७२

कल इण्डिया

मात्र **रु २.९०** प्रति मिनेट

साथै कतार, साउदी अरेबिया, यू.ए.इ., बहराइन र कुवेतमा फोन गर्दा मात्र रु १२ प्रति मिनेट

फोन गर्ने तरिका

१४२४ + कन्ट्रिकोड + फोन नं.

थप जानकारीका लागि:

नोटिसबोर्ड नं. १६१८ ०७०७ १११११ मा डायल गरी सुन्न सक्नुहुनेछ । उल्लेखित महसुल दरमा नेपाल सरकारको नियमाअनुसार लाग्ने कर समावेश गरिएको छैन ।

नेपाल टेलिकम परिवार



नि:शुल्क दन्त परिक्षण

यस उग्रतारा **स्वास्थ्य क्लिनिक प्रा.लि**.मा दन्त सर्जन **डा. निखिल जोशी**द्वारा दाँत सम्वन्धी सम्पूर्ण समस्याहरुको नि:शुल्क परिक्षण तथा परामर्श भइरहेको छ ।

(यहि कार्तिक १ गतेदेखि मंसीर १ गते सम्म)

साथै

कोरिया जानेहरुका लागि प्रि मेडिकल सुपथ मुल्यमा भइरहेको छ । पेट तथा ग्याष्ट्रिक विरामीका लागि **डा. रवि शाह**द्वारा उपचारसेवा पनि उपलब्ध छ ।

ठेगाना

उग्रतारा स्वास्थ्य प्रा.लि.

लोकतान्त्रिक चोक, कीर्तिपुर, नयाँबजार

सम्पर्क ०१४३३२९२८, ९८४१२९२६४२, ९८४१८६३३०६

प्राकृतिक विज्ञान संग्रहालयको सार्वजनिक जानकारी



मल्लैका महर्जन

२०७४ कार्तिक ९, विहिबारको दिन पाँगास्थित पाँगा माध्यमिक विद्यालयमा सेमिनार सम्पन्न भएको छ। उक्त कार्यक्रमको मूल उद्देश्य प्राकृतिक विज्ञान संग्रहालय र प्रोलिन्नोभा सञ्जाल बारे सर्वसाधारणमा जानकारी फैलाउनु रहेको थियो ।

सो कार्यक्रमलाई प्राकृतिक विज्ञान संग्रहालयका प्रमुख प्रा।डा. धर्मराज डंगोलज्यूले अगाडि बढाउनुभयो उहाँले भन्नुभयो "प्राकृतिक विज्ञान संगह्रालय वि.सं. २०३२ श्रावन २ गते स्थापना गरेको हो । यो संग्रहालयमा वनस्पति, जनावर र जिवावशेषका नमुनाहरु छन् । उहाँले उल्लेख गर्नुभयो "यस संगह्रालयमा ५५,७०० नमुनाहरु छन्" । यस संग्रहालयको महत्व धेरै भएकोले संग्रहालयलाई भव्य रुपमा विकास गर्ने आफ्नो सपना बताए ।

उहाँले प्रोलिन्नोभा एक सञ्जाल भएको सो सञ्जालले किसानले गरेका अन्वेषणलाई अभिलेखिकरण गर्ने, प्रबर्द्धन गर्ने, पठनपाठनमा समाबेस गर्ने, जनशक्ति बिकास गर्ने, र बिभिन्न तरिकाबाट प्रचार प्रसार गर्ने गरेको बताउनु भयो ।

उहाँले प्राकृतिक विज्ञान संग्रहालयमा विभिन्न ह्यान्डिक्राफ्तका सामान प्रदर्शनमा राखेर बिक्रि बितरण पनि गर्न सक्ने भएकोले त्यसबाट रोजगारी पनि सृजना गर्न सक्ने बताउनुभयो । प्रोलिन्नोभा एसिया, अफ्रिका र लाटिन अमेरिकामा भएको कुरा बताउनु भयो । उहाँले अब आउने नोभेम्बर २९ तारिखमा अन्तरराष्ट्रीय किसान अन्वेषन दिबस काठमाण्डौमा मनाउने कुरा पनि जानकारी दिनुभयो ।

सो कार्यक्रममा कृषिका विद्यार्थी, ब्यापारी, शिक्षक, प्राध्यापक, संग्रहालयका कर्मचारी, समाजसेवी र राजनैतिक व्यक्तित्वहरु गरी २५ जनाले आफ्नो सक्रिय सहभागिता देखाए । यस सेमिनारमा सबैले कार्यकम जानकारीमूलक भएको विचार प्रस्तुत गरे ।

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.को
१७औं बार्षिक साधारण सभा बारे सूचना ।

यस सहकारी संस्थाको सञ्चालक समितिको मिति २०७४/०६/२३ गते बसेको बैठकको निर्णयानुसार यस संस्थाको १७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले शेयर सदस्य महानुभावहरूलाई उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

सभा बस्ने

मिति : २०७४ कार्त्तिक २५ गते, शनिवार ।

समय : बिहान १०:०० बजे ।

स्थान : सुनाकोठी, बालकुमारी मन्दिर परिसर, ललितपुर ।

छलफलका विषयहरू :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३) आ.व. २०७४/०७५ को हिसाब लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

४) लेखा समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

५) १७ औं बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरू र सञ्चालक समितिको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने ।

६) विविध ।

पुनश्य : सुनाकोठी, बालकुमारी मन्दिर परिसर, ललितपुर जान आउन नगाँउ दोबाटोबाट कीर्तिपुर यातायात सेवा कम्पनी लि.को बसको व्यवस्था गरिएको छ। विहान ठिक ७:०० बजे उक्त स्थानबाट बस छुट्ने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूलाई समयमै उपस्थित भै दिनुहुन अनुरोध गरिन्छ।

सचिव
कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.
नयाँबजार, कीर्तिपुर ।
फोन नं. ४३३०६०९, ४३३५५५१

कीर्तिपुर बैद्य पसल

यहाँ सम्पूर्ण पूजा सामानहरुका साथै सुत्केरी मसला पनि पाइन्छ ।

कीर्तिपुर बैद्य पसल
पाँगा दोबाटो, इमेज स्टुडियोको पछाडि
फोन नं. ०१-४३३४९२६

बडा दशैं २०७४ को सुखद अवसरमा हाम्रा समस्त ग्राहक वर्गहरुमा सुख, शान्ति, समृद्धि सुस्वास्थ्य, दीर्घायु एवं सफलताको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम परिवार

दर्शन
ट्रेड एण्ड सप्लायर्स








शिल्ड, ट्रफी,
मेडल, मायाको
चिनो, अवार्ड आदि
उचित मूल्यमा
उपलब्ध छ।
साथै टि-सर्ट प्रिन्ट
तथा ब्याग प्रिन्ट
गरिन्छ ।






Importer & Wholesaler

कीर्तिपुर–१०, काठमाडौं
सम्पर्क नं.: ०१–४३३४४७४, ०१–४३३१८८२

निर्मल बुद्धभूमि सहकारीको सातौं साधारण सभा



कीर्तिपुर सन्देश/

विश्वसनियताको एउटै थलो निर्मल बुद्धभूमि भन्ने नाराका साथ स्थापना भएको कीर्तिपुरको नयाँबजारस्थित कार्यालय रहेको निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लि.को सातौं साधारण सभा भव्यताका साथ सम्पन्न भएको छ । गत कार्तिक ११ गते शनिवार कीर्तिपुरको कृष्ण क्याटरिंगमा भएको साधारण सभाको सभापतित्व अध्यक्ष योगेन्द्र दर्शनधारीले गर्नु भएको थियो ।

प्रमुख अतिथि नेफ्स्कुन संघका बरिष्ठ उपाध्यक्ष परीतोष पौडेल र विशेष अतिथि भिक्षुणी डा.अनोजा गुरुमाले पानसमा दीप प्रज्ज्वलन गरी साधारण सभाको उद्घाटन गर्नु भएको थियो । अन्य अतिथिहरुमा नमोबुद्ध बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष ज्ञान बहादुर तामाङ, मोबिल्याण्ड ग्रुपका अध्यक्ष दिनेश दर्शनधारी, रिलायन्स फाइनान्सका डिजिएम तथा तालिम अनुसन्धान सहकारीका सचिव कुबेर निरौला, नगरमण्डप श्रीकीर्ति विहारका मिना गुरुमा, कीर्तिपुर वडा नं.९ का अध्यक्ष गंगाराम महर्जन लगायतको हुनुहुन्थ्यो ।

अनोजा गुरुमांबाट बुद्ध पुजा गरी संचालन भएको उक्त कार्यक्रममा प्रबन्धक पूजा दर्शनधारीले स्वागत मन्तव्य दिनु भएको थियो । संस्थाका अध्यक्ष योगेन्द्र दर्शनधारीले आ.व. २०७३/०७४ को वार्षि प्रतिवेदन प्रस्तुत गर्नुभयो । उहाँको प्रतिवेदन अनुसार २५ जना शेयर सदस्यहरुबाट सुरु गरिएको संस्थामा आज ५५५ जना महिला र ४६२ जना पुरुष सहित जम्मा १०१७ जना शेयर सदस्यहरु रहेको जानकारी दिनुभयो । उहाँका अनुसार शेयर पूँजी तर्फ आ.व. २०७२/०७३मा शेयर चुक्ता पूँजी रु.२५,६७,८००/ रहेकोमा आ.व.०७३/०७४मा रु.३४,८५,१००/ बढ्न गई २०७४/०७३को अन्तमा जम्मा रु.६०,५२,९००/ पुगेको बताउनु भयो । त्यस्तै निक्षेप तर्फ : आ.व. २०७२/०७३ मा रु.३,११,००७८८/ रहेकोमा आ.व.२०७३/०७४ मा रु.५,७९,४७,९८०/ निक्षेप रहेको बताउनु भयो । त्यस्तै कर्जा लगानीतर्फ आ.व.२०७२/०७३ मा रु.२,७८,१६,८४७/ लगानी भएकोमा आ.व.२०७३/०७४ को मसान्तसम्म रु.५,५८,९२,६४४/ कर्जा लगानी भएको जुन पूँजीकोष र निक्षेप संकलनको अनुपातमा लगानी पनि सन्तोषजनक रहेको बताउनुभयो । यस वर्ष शेयर पूँजी रु.२ करोड पुऱ्याउने लक्ष्य राखेको बताउनुभयो । अध्यक्षको प्रतिवेदनपछि विभिन्न व्यक्तित्वहरुलाई अभिनन्दन पत्र वितरण गर्ने कार्यक्रम राखियो । जसमा नगर मण्डप श्रीकीर्ति विहारको संस्थापक भिक्षु सुदर्शनलाई मरणोपरान्त अभिनन्दन पत्र विहारका प्रतिनिधि मिना गुरुमालाई हस्तान्तरण गरियो । त्यस्तै सुलक्षण कीर्ति विहारको संस्थापक डा. अनोजा गुरुमालाई प्रदान गरिएको छ । अभिनन्दन पत्र ग्रहण पछि डा. अनोजा गुरुमाले शुभकामना मन्तव्य दिनुभयो । त्यसक्रममा उहाँले सुन्दरघाटमा बृद्धाश्रम, अस्पताल र हस्पिस बनाउन नेपाल सरकारबाट जग्गा प्राप्त भैसकेको र नगरपालिकामा नक्सा पासको लागि पैसा बुझाईसक्दा पनि हालसम्म नक्सा पास रोकिराखेकोले सो नक्सा पास गराई दिनुहुन वडाध्यक्ष गंगाराम महर्जनसंग अनुरोध गर्नुभयो ।

त्यसको जवाफमा वडाध्यक्ष गंगाराम महर्जनले सो विषयमा जननिर्वाचित प्रतिनिधिहरु आइसकेपछि छलफल भइरहेको बताउँदै छिट्टै सो विषयमा निर्णय गर्ने बताउनुभयो । त्यसपछि कदर पत्र वितरणको कार्यक्रम गरियो । जसमा कीर्तिपुर क्षेत्रमा प्रथम स्कुल संस्थापक स्व.नरवहादुर महर्जन, पाँगालाई मरणोपरान्त गरिएको कदर पत्र उहाँको नाती शंकर डंगोललाई हस्तान्तरण गर्नुभयो । त्यसपछि कीर्तिपुर क्षेत्रको प्रथम महिला शिक्षिका कीर्तिपुर लायकूका आशा माया श्रेष्ठलाई प्रदान गर्नुभयो । त्यस्तै शारीरिक सुगठनमा हालसालै अन्तरर्राष्ट्रिय प्रतियोगितामा रजत पदक विजेता कीर्तिपुर का ननिता महर्जनलाई प्रदान गरियो । नमोबुद्ध साकोसका ज्ञान वहादुर तामाङ्ग र माता पिता स्मृति कोषका संयोजक बशला दर्शनधारीले शुभकामना मन्तव्य दिनु भयो ।

कदर पत्र वितरणकै क्रममा कीर्तिपुर क्षेत्रकै प्रथम डाक्टर पाँगाका डा.देवकाजी डंगोल हाल कतारमा रहनु भएकोले उहाँको प्रतिनिधी रवि महर्जनलाई हस्तान्तरण गर्नुभयो । त्यस्तै कीर्तिपुर क्षेत्रका प्रथम इन्जिनियर पाँगाका ई.पदम लाल महर्जनलाई प्रदान गरियो । कदरपत्र ग्रहण पछि मन्तव्य राख्ने क्रममा ई.पदमलाल महर्जनले कीर्तिपुर क्षेत्रमा राम्रो काम गर्ने व्यक्तित्वहरुलाई सम्मान गर्न निर्मल बुद्धभूमि साकोस मार्फत दुई लाख रुपैयाँको अक्षयकोष खडा गरी सोबाट आएको व्याजबाट सम्मानीत हुनेहरुलाई पुर स्कार दिने घोषणा गर्नुभयो । त्यस्तै कीर्तिपुरको प्रथम रंगिन साप्ताहिक पत्रिका कीर्तिपुर सन्देश साप्ताहिक निकासीले कीर्तिपुर क्षेत्रभित्र बाजागाजा चाडपर्व, नृत्य जस्ता सांस्कृतिक तथा र ाजनीतिक खबरलाई सत्य तथ्य मूल्याङकन गरी जनमानसलाई निरन्तर खबर पस्केर नयाँ आयाम थप्नयोग गर्ने कीर्तिपुर सन्देशका प्रकाशक नजरराम महर्जनलाई प्रदान गरियो । त्यस्तै बहुमुखी एवम् प्रतिभाशाली दाफा गुरु पाँगाका गोविन्द महर्जन जसले सांस्कृतिक बाजागाजालाई जगेर्ना गर्न ८५ वर्षको उमेरमा पनि लागि पर्नु भएकोमा कदर पत्र प्रदान गरियो । त्यस्तै ज्येष्ठ नागरिक सेवा केन्द्र पाँगालाई निर्मल बुद्धभूमि साकोस र मोबाईल निकुञ्ज ग्रुपको तर्फबाट रु. २० हजार सहयोग स्वरुप प्रदान गरियो ।

आफ्ना ज्येष्ठ सदस्यहरु पुरुषमा दिलबहादुर महर्जन र महिलामा न्हुच्छेमाया महर्जनलाई दोसल्ला ओढाई मायाको चिना प्रदान गरि सम्मान गरियो । त्यस्तै उत्कृष्ट बचतकर्ता गंगाराम महर्जन र उत्कृष्ट बजार प्रतिनिधी कोपिला महर्जन र उत्कृष्ट कर्मचारी सोनिया महर्जनलाई सम्मान गरियो । सभापति संस्थाका अध्यक्ष योगेन्द्र दर्शनधारीले धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

Asian Byabasthapan College
Tribhuvan University
Kirtipur

एशियन व्यवस्थापन कलेज
(त्रि.वि. सम्बन्धन प्राप्त)
नयाँ बजार, कीर्तिपुर

नयाँ भर्ना सम्बन्धि सूचना

नयाँ व्यवस्थापनबाट संचालनमा रहेको यस एशियन व्यवस्थापन कलेजमा

४ वर्षे वि.वि.एस.का लागि नयाँ भर्ना खुल्यो ।

सत्र : विहानी
संख्या : ८०
फाराम वितरण : २०७४ भाद्र २० देखि
समय : विहान ६:०० बजे देखि ५:३० बजे सम्म

फोन नं. ४-३३५७१३ इमेल: aic.college@gmail.com


"Come to Us for All Your Creative Designing Needs"
Cultural & Fashionable Ornament
"Purity is Our Moto"
"Makes You Feel Who You are"
• Gold Purity • Exhange Offer • Gold Loan Facilities • Gold Test
पद्मिनि
Padmini Jewellers Pvt. Ltd.
Tagawapi, Kirtipur -17, Kathmandu
: 01-4331046, 9802013780